अध्यक्ष

**प्रस्ताव तथा निर्णयहरुः**

**निर्णय नं. १.** गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई प्रथम संसोधनको लागि पेश भएको पूर्वाधार विकास सम्बन्धी ऐन २०७५ को दफा २२ को निम्न विद्यमान व्यवस्था संसोधन सहित पारित गरियो ।

**पूर्वाधार विकास सम्बन्धी ऐन को दफा २२ मा रहेको विद्यमान व्यवस्थाः**

**स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः**

(१) गाउँपालिकाले पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका वा अन्य निर्माण व्यवसायीहरुलाई व्यवसायीक रुपमा दर्ता गर्न सक्नेछ ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम गाउँपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई सम्बन्धित गाउँपालिकामा निर्माण कार्य गर्ने ईजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ ।

उपदफा (२) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिनाभित्र नवीकरण गर्नु पर्नेछ ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनुपर्ने छ :

(क) न्यूनतम रु. १० लाख सम्मको चालू पूँजी देखाई गाउँपालिकामा व्यवसाय दर्ता भएको

(ख) व्यक्ति वा व्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम रु. ५ लाख सम्म बैंकीङ कारोबार गरेको

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु. ५ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको ।

(घ) नयाँ व्यवसायीको हकमा पहिलो आर्थिक वर्षका लागि माथि खण्ड (ख) मा लेखिएको मापदण्ड लागु हुने छैन ।

**संसोधित व्यवस्थाः**

**स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः**

(१) गाउँपालिकाले सार्वजनिक निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका वा अन्य निर्माण व्यवसायीहरुलाई कार्यविधि बनाई घ वर्गको ईजाजत पत्र प्रदान गर्न सक्नेछ ।

(२) उपरोक्त स्थानीय घ वर्गको निर्माण व्यवसायी हुन ईच्छुक फर्म वा कम्पनीले ईजाजत विना र नविकरण गर्ने प्रयोजनका लागि यस ऐन र यस ऐन अन्तर्गत बनेका कार्यविधि वमोजिम गाउँपालिकाको कार्यक्रममा दरखास्त दिनु पर्नेछ ।

(३) घ वर्गको निर्माण व्यवसायी दर्ता तथा नविकरण सम्बन्धी अन्य कार्य उपदफा १ अनुसार बनाएको कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा ४ र ५ को (क),(ख),(ग) र (घ) सम्बन्धी व्यवस्था खारेज गरिएको छ ।

**निर्णय नं. २.** यस गाउँपालिकाको कार्यबोझ लाई मध्य नजर गर्दै विगत देखि नै देहायका कार्मचारीहरुको सेवा करारमा लिई निजहरु कार्यरत रहि रहेको अवस्थामा निजहरुको करार अवधि २०७५ चैत्र मसान्त सम्ममा समाप्त हुने भएकोले मिति २०७६ बैशाख १ गते देखि २०७६ असार मसान्त सम्म निजहरुको करार म्याद थपको लागि कार्यपालिकाको बैठकबाट निर्णय भई पेश भएको प्रस्ताव चौथो गाउँसभाबाट सर्वसम्मत पारित गरियो ।

| सि.नं | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १ | अ.न.मी | इन्द्रकला गुरुङ्ग | स्वा.चौ.हात्तिखर्क |
| २ | ,, | हिरा भण्डारी | स्वा.चौ.ताँखुवा |
| ३ | ,, | विमला राई | स्वा.चौ.सिंधुवा |
| ४ | सा.प. | विष्णुकुमारी वि.क. | गरीवसंग विश्वेश्वर कार्यक्रम |
| ५ | ,, | बालिका लामीछाने | ,, ,, |
| ६ | अमिन | रोशन बस्नेत | |
| ७ | का.सहायक | तेज ब.लिम्बू | १ नं वडा कार्यालय |
| ८ | ,, | शान्ता कुमारी मादेन | ३ नं वडा कार्यालय |
| ९ | ,, | शंकर प्र.ओझा | ४ नं वडा कार्यालय |
| १० | का.स. | केशिका लिम्बू | १ नं वडा कार्यालय |

अध्यक्ष

अध्यक्ष

| | | | |
|---|---|---|---|
| ११ | अ.सव.इन्जि. | तिलक राई | |
| १२ | का.स. | सन्तोष तामाङ्ग | स्वा.चौ.हात्तिखर्क |
| १३ | ,, | रामकृष्ण भट्टराई | स्वा.चौ.ताँखुवा |
| १४ | ,, | उत्तम पराजुली | स्वा.चौ. तेलिया |
| १५ | ,, | लिला थापा | स्वा.चौ. सिंधुवा |
| १६ | ना.प.स्वा.प्रा. | चेवन कुमार भण्डारी | कृषि |
| १७ | ना.प.स्वा.प्रा. | बल ब.थापा | पशु सेवा |
| १८ | ,, | डम्बर ब.थापा | ,, |
| १९ | का.स. | जित ब.पौडेल | |
| २० | ,, | अरुना लिम्बू | |
| २१ | सू.प्र.अधिकृत | दिपक खड्का | |

**निर्णय नं. ३.** विनियोजन ऐन २०७५ संसोधन सम्बन्धमाः

यस गाउँपालिकामा गाउँसभाबाट पारित भई कार्यान्वयनमा रहेको विनियोजन ऐन २०७५ अन्तर्गत समपूरक कोषमा रहेको रकमलाई निम्न शिर्षक अन्तर्गत विनियोजन गरी खर्च गर्न, गाउँपालिका/वडामा विनियोजन भई विविध कारणले सम्झौता हुन नसकेका देहायका योजना तथा कार्यक्रमहरु संसोधन गर्न र चालु खर्च शिर्षक उपशिर्षक अन्तर्गत विनियोजित रकम मध्ये देहायका शिर्षक उपशिर्षकमा रकमान्तर गर्न विनियोजन ऐन २०७५ प्रथम संसोधनका लागि गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई चौथो गाउँसभामा पेश भएको संसोधन विधेयक सर्वसम्मत पारित गरियो ।

**तपसील**ः

१. **समपूरक कोषः रु. ३०,००,०००।-**

२. **<u>सामाजिक विकास तर्फः</u>**

क. भारती मा.विः फर्निचर निर्माणका लागि रु. ३,५०,०००।-

ख. नवनिकेतन प्रा.विः तार घेरा निर्माणका लागि रु. १७५,०००।-

ग. सुरुङ्गे प्रा.विः वाल निर्माणका लागि रु. १००,०००।-

घ. जनज्योती प्रा.वि. सल्लेः फर्निचर निर्माणका लागि रु. ७५,०००।-

ङ. छावा खोला खानेपानी ईन्टेक मर्मतका लागि रु. १,५०,०००।-

च. धार्मिक तथा साँस्कृतिक संस्था साझेदारी कार्यक्रमका लागि रु. ३,००,०००।-

छ. विभिन्न क्लब तथा अन्य खेलकुद कार्यक्रमका लागि रु. २,००,०००।-

ज. लक्षित समूह शिप विकास तालिम वडा नं. २ का लागि रु. २०,०००।-

झ. सल्ले प्रा.बि.पर्खाल रु,५०,०००।

३. **<u>पूर्वाधार विकास तर्फः</u>**

क. पंचमी चकपथ वडा नं.१ सडक स्तरोन्नतीका लागि रु. १०,००,०००।-

ख. फलाटे भस्मे जोरपाटी ग्रामिण सडक स्तरोन्तीका लागि रु. ५,००,०००।-

ग. फलैचा सल्ले मुर्तीढुंङ्गा सडक स्तरोन्नतरी तथा डि.पि.आर निर्माणका १० कि.मी. लागि रु. ८,००,०००।-

घ. पिङडाँडा ३ नं. वडा कार्यालय सडक स्तरोन्नतीका लागि रु. ३,००,०००।-

ङ. ठुलो आहाल खानटोक तारापाते मार्गदेवी ग्रामिण सडकका लागि रु. १,२०,०००।-

च. हात्तिमुढे भैसे ग्रामिण सडकका लागि रु. ६०,०००।-

छ. ४ नं. वडा कार्यालय बेलचौक भञ्ज्याङ त्रिवेणि सडकका लागि रु. ८,५०,०००।-

ज. जोरफडिर विकटोल ग्रामिण सडकका लागि रु. १,५०,०००।-

झ. फुर्तुङडाँडा देवी खोला ग्रामिण सडकका लागि रु. ६,००,०००।-

ञ. नामजाङ सडकका लागि रु. २,००,०००।-

ट. सिंधुवा खेल मैदान नयाँ प्रहरी चौकी सडकका लागि रु. ५,००,०००।-

ठ. चुलाचुली ठुलो घर वैदार टोल निलडाँडा ग्रामिण सडकका लागि रु. ७,००,०००।-

अध्यक्ष

ड. बाह्य खोप केन्द्र भवन निर्माण वडा नं. ५ का लागि रु. ४,००,०००।-
ढ. वडा नं. ३ को सभा हल मर्मतका लागि रु. १,२१,०००।-
ण. चुलाचुली स्वास्थ्यचौकी मर्मतका लागि रु. २,००,०००।-
संसोधित योजनाहरुको सम्झौता मिति २०७६ साल बैषाख मसान्तसम्म रहने ।

४. **वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

क. फोहोरमैला संकलन केन्द्रको व्यवस्थापनका लागि रु. १,००,०००।-
ख. ढाँड टोल पहिरो रोकथाम मझुवा साझेदारी कार्यक्रमका लागि रु. १०,००,०००।-

५. **संस्थागत विकास तथा सेवा प्रभाव तर्फः**

क. सिंधुवा वजारमा सि.सि.टि.भि. क्यामेरा जडानका लागि रु. ७,५०,०००।-
ख. ६ वटा वडा र ५ वटा स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी व्यवस्थापनका लागि रु. ४,००,०००।-
ग. समुदाय प्रहरी साझेदारी कार्यक्रमका लागि रु. २,००,०००।-

**वडा स्तर तथा गाउपालिकाको योजना संसोधनः**

१. **वडा नं. १**

क. वजेट हिसाब नं. ३११५६ सिरिङ टोल खानेपानी योजनाको रु. २,००,०००।- बाट किराँत युमा माङहिम मन्दिर निर्माण।

२. **वडा नं. २**

क. व.सि.नं. ३११५३ वडा स्तरीय विद्युत मर्मत तथा विस्तारका लागि रु. ५,००,०००।- बाट
ख. सल्लेरी वाफेखोला ग्रामीण सडक रु,५,००,०००,
ग. नागरिक सचेतना केन्द्रको रु. २०,०००।- बाट लक्षित समूह शिप विकास तालिममा।
घ. व.सि.नं. ३११५६ पूर्वछाने लुङ्गेली बाजिम्पाक लक्ष्मी मा.वि. खानेपानी योजनाको रु. ३,००,०००।- बाट लक्ष्मी मा.वि. तार घेराका लागि रु. २,००,०००।- र सल्ले चर्च निर्माणका लागि रु. ७५,०००।-

३. **वडा नं. ३**

क. व.सि.नं. ३११५१ सडक साझेदारी कार्यक्रमको रु. १,५०,०००।- र मोटरसाईकल खरिदका लागि रु. २,७५,०००।- बाट खत्री गाउँ माल बासे सडकका लागि रु. ४,२५,०००।-
ख. व.सि.नं. ३११२ निशान भगवती मन्दिर संरक्षणका लागि रु. ३,००,०००।- बाट निशान भगवती मन्दिर संरक्षण काजिमानेका लागि रु. १,५०,०००।- र निशान भगवती मन्दिर गैरीटोलका लागि रु. १,५०,०००।-
ग. व.हि.नं. ३११५५ हाजेम्फुङ सिचाई योजनाका लागि रु. ६,००,०००।- मध्येबाट हाजेम्फुङ सिंचाई योजना पाइप खरिदका लागि रु. ४,६०,०००।- र हाजेम्फुङ् सिंचाई योजना मर्मतका लागि रु. १,४०,०००।-

४. **वडा नं. ५**

क. व.सि.नं. ३११५३ वडा स्तरीय विद्युत मर्मत तथा विस्तारको रु. ५,००,०००।- बाट पिपलडाँडा छावाँ खोला सडक स्तरोन्नतीको लागि रु. ५,००,०००।-

५. **गाउँपालिकाको**

क. व.सि.नं. २५३१२ स्वास्थ्य संस्थाहरुमा सुलभ औषधी व्यवस्थापनको रु. ६,००,०००।- बाट चुलाचुली स्वास्थ्य चौकी मर्मतको लागि रु. १,००,०००।- , विभिन्न प्रकारका स्वस्थ्य शिविर सञ्चालनमा रु. ४,००,०००।- र जेष्ठ नागरिक उपचार सेवाका लागि रु. १,००,०००।-

६. एकल महिला रु. ३,००,०००।-

अध्यक्ष

७. **पशु सेवा तर्फः**

क. कृतिम गर्भाधन सेवा कार्यक्रमः- सेक्स सिमेन खरिदका लागि रु. २,००,०००।- मध्येबाट लि.नाईट्रोजन खरिद, ढुवानी तथा लजिस्टिक सपोर्टमा रु. ६०,०००।- र जनचेतना अभिवृद्धि कार्यक्रमको कृषक अवलोकन भ्रमण कार्यक्रम अन्तरजिल्लामा रु. ४०,०००।-

ख. पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत रेबिज रोग नियन्त्रण कार्यक्रमको लागि रु. ५०,०००।- बाट सोही कार्यक्रमको पशु उपचार सेवाका लागि रु. ५०,०००।-

**चालु खर्च रकमान्तरः**

| विनियोजित वजेटबाट झिक्नुपर्ने | | | | बजेट थप गर्नुपर्ने | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | खर्च संकेत नं. | खर्च शिर्षक नं. | बजेट रु. | खर्च संकेत नं. | खर्च शिर्षक नं. | बजेत रु. |
| १ | २११३१ | स्थानीय भत्ता | १,००,०००।- | २११४२ | पदाधिकारी अन्य सुविधा | १३,००,०००।- |
| २ | २११३२ | महंगी भत्ता | ३,००,०००।- | | | |
| ३ | २११३३ | फिल्ड भत्ता | ३,००,०००।- | | | |
| ४ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ६,००,०००।- | | | |